आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्ययोजना कार्यान्वयनको

एकीकृत अनलाइन अनुगमन प्रणालीबाट प्राप्त तथ्याङ्कमा आधारित

२०८१ असोज महिनासम्मको प्रगति

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(नतिजा व्यवस्थापन महाशाखा)

सिंहदरबार, काठमाडौं

प्रगति सारांश

१. आर्थिक वर्ष २०८१/८२ का लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित सबै मन्त्रालय र लगानी बोर्डको कार्यालय समेतका ३४४ वटा प्रमुख कार्यसम्पादन सूचक एकीकृत अनलाइन अनुगमन प्रणालीमा प्रविष्टि गरी असोज महिनाका लागि २२६ वटा प्रमुख कार्यसम्पादन सूचकको लक्ष्य निर्धारण गरिएको थियो।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायत २२ वटा मन्त्रालयहरू, राष्ट्रिय योजना आयोग, लगानी बोर्डको कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, सार्वजनिक खरिद अनुगमन कार्यालय, राष्ट्रिय तथ्याङ्क कार्यालय र नेपाल ट्रष्टको कार्यालय समेत गरी २८ वटा निकायबाट आर्थिक वर्ष २०८१/८२ मा कुल १,०१० वटा क्रियाकलाप सम्पन्न गर्न १,९६१ वटा माइलस्टोन निर्माण गरिएका थिए।

३. कुल १,०१० क्रियाकलापमध्ये असोज महिनासम्ममा १.३९ प्रतिशत क्रियाकलाप सम्पन्न भएका छन्। गत आ.व. मा असोज महिनासम्मको उक्त प्रतिशत ३.८८ रहेको थियो। असोज महिनाभित्र सम्पन्न गर्ने गरी लक्ष्य निर्धारण भएका ४३ वटा क्रियाकलापमध्ये ३२.६ प्रतिशत सम्पन्न भएका छन्।

४. कुल १,९६१ वटा माइलस्टोनमध्ये असोज महिनासम्ममा ५.६१ प्रतिशत माइलस्टोन सम्पन्न भएका छन्। गत आ.व. मा असोज महिनासम्मको उक्त प्रतिशत ८.१३ रहेको थियो। असोज महिनाभित्र सम्पन्न हुनुपर्ने गरी लक्ष्य निर्धारण गरिएका २७२ माइलस्टोनमध्ये ४०.४ प्रतिशत सम्पन्न, ४७.१ प्रतिशत चालु र १२.५ प्रतिशत सुरु नभएको अवस्थामा देखिएका छन्।

५. असोज महिनाभित्र सम्पन्न हुनुपर्ने गरी लक्ष्य निर्धारण गरिएका २७२ माइलस्टोनमध्ये शासकीय सुधार क्षेत्रको ४९.३ प्रतिशत, आर्थिक क्षेत्रको ४१.९ प्रतिशत, पूर्वाधार क्षेत्रको ३९.३ प्रतिशत र सामाजिक क्षेत्रको ३२.१ प्रतिशत माइलस्टोन सम्पन्न भएको देखिन्छ।

६. असोज महिनाभित्र सुरु भई निश्चित लक्ष्य हासिल गरी पछिल्ला महिनामा सम्पन्न हुनुपर्ने ४३६ माइलस्टोनमध्ये लक्ष्य प्राप्त भएका ५४.१ प्रतिशत, लक्ष्य प्राप्त नभएका ३९.४ प्रतिशत र सुरु नभएका ६.५ प्रतिशत माइलस्टोन देखिएका छन्।

७. असोज महिनाभित्र सुरु भई निश्चित लक्ष्य हासिल गरी पछिल्ला महिनामा सम्पन्न हुनुपर्ने माइलस्टोनको क्षेत्रगत रूपमा प्रगति विश्लेषण गर्दा पूर्वाधार क्षेत्रको ६३.१ प्रतिशत, शासकीय सुधार क्षेत्रको ६०.५ प्रतिशत, आर्थिक क्षेत्रको ४७.३ प्रतिशत र सामाजिक क्षेत्रको ३०.४ प्रतिशतको निर्धारित लक्ष्य प्राप्त भएको देखिन्छ।

८. असोजभित्र सम्पन्न हुनुपर्ने माइलस्टोनमध्ये चालु अवस्थामा रहेका १२८ वटा र सुरु हुन नसकेका ३४ वटा तथा असोज महिनाभित्र निर्धारित लक्ष्य हासिल गरी चालु अवस्थामा रहनुपर्ने माइलस्टोनमध्ये लक्ष्य प्राप्ति नभएका १७२ वटा र सुरु हुन नसकेका २८ वटा गरी जम्मा ३६२ वटा माइलस्टोनको लक्ष्य हासिल हुन नसकेको देखियो। लक्ष्य हासिल हुन नसक्नुका प्रमुख कारणमा कार्यक्रम कार्यान्वयनका लागि पूर्व तयारी पूरा नहुनु (२६ प्रतिशत), बजेट व्यवस्थापन/स्रोत सुनिश्चितता नहुनु (८ प्रतिशत) र प्राकृतिक विपद् (८ प्रतिशत) रहेका छन्।

९. महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार २०८१ असोज महिनासम्ममा कर राजस्वतर्फ लक्ष्यको १७.११ प्रतिशत र गैरकर राजस्वतर्फ लक्ष्यको २१.१५ प्रतिशत गरी कुल लक्ष्यको १७.४९ प्रतिशत राजस्व असुली भएको छ।

१०. महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार नेपाल सरकारद्वारा विनियोजित कुल बजेटमध्ये यस आर्थिक वर्षको असोज महिनासम्ममा चालुतर्फ २०.१५ प्रतिशत, पुँजीगततर्फ ८.३४ प्रतिशत र वित्तीय व्यवस्थातर्फ १९.०५ प्रतिशत गरी जम्मा १७.७ प्रतिशत खर्च भएको छ।

प्रमुख कार्यसम्पादन सूचक

१. आर्थिक वर्ष २०८१/८२ का लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित सबै मन्त्रालयहरू र लगानी बोर्डको कार्यालय समेतका ३४४ वटा प्रमुख कार्यसम्पादन सूचकहरू तय गरी एकीकृत अनलाइन अनुगमन प्रणालीमा प्रविष्टि गरिएकोमा असोज महिनामा लक्ष्य निर्धारण गरिएका २२६ वटा प्रमुख कार्यसम्पादन सूचकहरूमध्ये लक्ष्य प्राप्त भएका ९२, लक्ष्य प्राप्त हुन नसकेका ११७ रहेका छन्। बाँकी १७ सूचकहरूको प्रगति प्रविष्ट गरिएको देखिएन। असोज महिनामा निश्चित लक्ष्य तोकिएका र प्रगति प्रविष्टि गरिएका केही प्रमुख कार्यसम्पादन सूचकहरूको प्रगति स्थिति देहाय बमोजिम रहेको छ।

तालिका १- केही प्रमुख कार्यसम्पादन सूचकहरूको प्रगति

क्र.सं	सूचक	इकाइ	२०८१ असारको स्थिति	२०८१/८२ को वार्षिक लक्ष्य	२०८१ असोजसम्मको लक्ष्य	२०८१ असोजसम्मको प्रगति	२०८१ साउनदेखि असोजसम्मको प्रगति
१	हेलो सरकारमा प्राप्त उजुरी फछ्र्यौट (उजुरीकर्ताको पृष्ठपोषणसहित)	प्रतिशत	४८.५	५४	४९.५	२७.३७	२७.३७
२	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाममा आएको गुनासो फछ्र्यौट	प्रतिशत	१००	१००	१००	९४.३४	९४.३४
३	मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन	प्रतिशत	९८.३४	१००	१००	१००	१००
४	वैदेशिक सहायता प्राप्ति	रू अर्ब	१३९	२७०	४७	१४.५६	१४.५६
५	सङ्घीय पुँजीगत खर्च	रू अर्ब	१९१.७४	३५२.३५	४०.३५	२९.५०६	२९.५०६
६	राजस्व परिचालन (बाँडफाट हुने राजस्व समेत)	रू अर्ब	१०८२.७५	१४१९.३	३१०.४१	२५३.०१	२५३.०१
७	औसत उपभोक्ता मुद्रास्फिति	प्रतिशत	५.४४	५.५	५.५	३.९७	३.९७
८	भुक्तानी सन्तुलन	रु अर्ब	५०२.४९	१५०.१८	३७.५४	१०१.७७	१०१.७७
९	चालुखाता सन्तुलन	रु अर्ब	२२१.३४	६८.२७	१७	४९.६९	४९.६९
१०	विदेशी विनिमय सञ्चितिको न्यूनतम पर्याप्तता (वस्तु तथा सेवा)	महिना	१३	७	७	१३.७	१३.७
११	बिमाको पहुँच विस्तार (दायरामा आएको जनसंख्या)	प्रतिशत	४४.४७	५.५३	४६	४२.९२	-१.५५

क्र.सं	सूचक	इकाइ	२०८१ असारको स्थिति	२०८१/८२ को वार्षिक लक्ष्य	२०८१ असोजसम्मको लक्ष्य	२०८१ असोजसम्मको प्रगति	२०८१ साउनदेखि असोजसम्मको प्रगति
१२	पुँजी बजारमा पहुँच (डिम्याट खाता)	संख्या (लाख)	६३.११	५.५	६५.०३	६५.०३	१.९२
१३	बैंक तथा वित्तीय संस्थाबाट निक्षेप सङ्कलन	रू अर्ब	६२२५	८०५	६४२६	६४८७.४	२६२.४
१४	बैंक तथा वित्तीय संस्थाबाट कर्जा लगानी	रू अर्ब	५०४४	६८२	५२१२	५१४७.४	१०३.४
१५	साना किसान विकास लघुवित्त वित्तीय संस्थामा लगानी/ अनुदानबाट रोजगारी संख्या	कार्यदिन (हजारमा)	१२०	१५	१२४	१२४	४
१६	२०८१ असार मसान्तसम्म कायम रहेको शोधभर्ना (रु. २८.५ अर्ब) प्राप्ति	प्रतिशत	३१.४	१००	३०	३४.९	३४.९
१७	ठूला, मझौला, साना, घरेलु एवं लघु उद्यमी सिर्जना कार्यक्रमबाट रोजगारी सिर्जना	संख्या(प्रति हजार)	१६१	१६९	३०	९.६६८	९.६६८
१८	कुल निकासी	रू अर्ब	१५२.३८	१६७.१२	४४.८४	३८.३८	३८.३८
१९	तोकिएको दुर्गम जिल्लामा खाद्यान्न ढुवानी	मे.टन (हजारमा)	१८.८	२०	३.५१९	१.१८६	१.१८६
२०	तोकिएको जिल्लामा आयोडिनयुक्त नुन ढुवानी	क्विन्टल	८६११२.७	८१६००	१२२४०	१०२००	१०२००
२१	राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा खाद्यान्न मौज्दात	मे.टन (हजारमा)	२५	२५	२५	०.८	०.८
२२	सार्क खाद्य बैंकमा खाद्यान्न मौज्दात	मे.टन (हजारमा)	८	८	८	८	८
२३	ठूला उद्योग दर्ता	संख्या	१४१९	५५	१४३१	१४३०	११
२४	मझौला उद्योग दर्ता	संख्या	२१३९	५०	२१५०	२१४९	१०
२५	उद्योगहरूमा वैदेशिक लगानी स्वीकृति	रू अर्ब	५११	४४	७	१५.४२७	१५.४२७
२६	बजार अनुगमन	पटक	३८५०	४०२०	१००५	१२६०	१२६०
२७	कुल आयात	रु अर्ब	१५९२.९८	१५७१.७	३९९.५३	३९०.७५	३९०.७५
२८	भू-उपयोग कार्यान्वयनका लागि प्राविधिक सहयोग	संख्या	२७०	४२	२७४	२९१	२१

क्र.सं	सूचक	इकाइ	२०८१ असारको स्थिति	२०८१/८२ को वार्षिक लक्ष्य	२०८१ असोजसम्मको लक्ष्य	२०८१ असोजसम्मको प्रगति	२०८१ साउनदेखि असोजसम्मको प्रगति
	प्रदान गरिएको स्थानीय तह						
२९	COPOMIS प्रणालीमा आवद्ध सहकारी	संख्या (हजारमा)	१७.६९६	१	१७.९७६	१८.७२	१.०२४
३०	रासायनिक मल आपूर्ति	मे.टन (हजारमा)	४७१.३	५५०	१२०	१५५	१५५
३१	किसान सूचीकरण	संख्या (हजारमा)	१८००	१२००	२१००	१९३५	१३५
३२	दूध उत्पादन	मे.टन (हजारमा)	२६१३	२६४३	७००	६६०	६६०
३३	माछा उत्पादन	मे.टन (हजारमा)	११९	१२४	२५	३४	३४
३४	मासु उत्पादन	मे.टन (हजारमा)	४३०	४३४	१२०	११०	११०
३५	अण्डा उत्पादन	गोटा (लाखमा)	१६०८०	१६३००	३९५०	४०७५	४०७५
३६	पशुपन्छीको संक्रामक रोगविरुद्धको खोप उत्पादन	डोज (लाखमा)	४४९	५०७	५०	५०	५०
३७	कृत्रिम गर्भाधान सेवा	संख्या (हजारमा)	६७४	७५०	१८०	१७९.७	१७९.७
३८	आयातीत खाद्य वस्तुमा विषादी अवशेषको परीक्षण	संख्या (हजारमा)	६२	५१.५	१३.५	१३.०६१	१३.०६१
३९	निर्माण भएका सुरक्षित नागरिक आवास	वटा (हजारमा)	८१	५	८१.५	८१.५	०.५
४०	शहरी सडक निर्माण तथा स्तरोन्नति	कि.मि.	३५००	२५०	३५०५	३५८७.१७	८७.१७
४१	निर्माण भएका ग्रामीण कालोपत्रे सडक	कि.मि.	४८१५	८५	४८२०	४८२१	६
४२	निर्माण भएका स्थानीय सडक पुल	संख्या	७००	३०	७०२	७०२	२
४३	निर्माण भएका झोलुंगे पुल	संख्या	१०७५०	३००	१०७७०	१०७९०	४०
४४	निर्माण भएका स्थानीय तहको प्रशासकीय भवन	संख्या	३१२	६८	३१७	३३८	२६
४५	एक घर एक धाराको नक्शाङ्कन भएका घर परिवार	संख्या (हजारमा)	८३०	१७०	८५०	८५०	२०

क्र.सं	सूचक	इकाइ	२०८१ असारको स्थिति	२०८१/८२ को वार्षिक लक्ष्य	२०८१ असोजसम्मको लक्ष्य	२०८१ असोजसम्मको प्रगति	२०८१ साउनदेखि असोजसम्मको प्रगति
४६	आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसंख्या	प्रतिशत	३८.१८	२.८	३८.५	३५.२८	-२.९
४७	अपराधका घटनाको अनुसन्धान प्रतिशत	प्रतिशत	८५	८७	२५	३०.६३	३०.६३
४८	सडक दुर्घटनाबाट मृत्यु भएका व्यक्ति	जना	२३६९	१५३७	३००	५२४	५२४
४९	सडक दुर्घटनाबाट घाइते भएका व्यक्ति	जना (हजार)	३०.२२६	२१.२२२	१८	८.८७५	८.८७५
५०	पाँच वर्षमुनिका बालबालिकाको जन्म दर्ता	प्रतिशत	७४	३	७४.७५	७६.७२	२.७२
५१	विपद्का घटनाबाट मृत्यु हुने व्यक्ति	संख्या(प्रति लाख)	१	१	०.२	१.३९	१.३९
५२	विपद्का घटनाबाट प्रभावित परिवार संख्या	संख्या	६४६८०	३८००	१८००	२२९७३	२२९७३
५३	राष्ट्रिय परिचयपत्र नम्बर (NIN) प्राप्त गरेका नेपाली नागरिक	प्रतिशत	६५	१०	६७	६९	४
५४	सीपमूलक/रोजगारमूलक तालिम प्राप्त कैदीबन्दी	प्रतिशत	१५	५	१६	१६.५	१.५
५५	सौर्य विद्युत उत्पादन क्षमता	मे.वा.	४९.६६	२.३४	५०.२४५	४९.७३	०.०७
५६	लघु तथा साना जलविद्युत आयोजनाबाट विद्युत उत्पादन	मे.वा.	४०.२५	०.७५	४०.४३	४०.३५	०.१
५७	संस्थागत, सामुदायिक र व्यावसायिक वायोग्याँस प्लान्ट निर्माण	संख्या	३७३	१२	३७६	३७३	०
५८	सिँचाइ सुविधा (सङ्घीयस्तर मात्र)	हेक्टर	१५६९०३२	२४०००	१५६९३८२	१५६९८३६	८०४.४
५९	सिँचाइयोग्य भूमिमध्ये वर्षैभर सिँचाइ सुविधा पुगेको भूमि	हेक्टर	५२३०११	८०००	५२३१२७.३३	५२३२७८.८	२६८.१३
६०	ठूला तथा मझौला नदीमा तटबन्ध निर्माण	कि.मि.	१४२७.४९	३६	१४३१.४९	१४३२.४९	५
६१	लिफ्ट र जलाशय सिंचाइ कार्यक्रमबाट सिंचित क्षेत्रफल विस्तार	हेक्टर	३५८८	३०५५	३६३८	३५८८	०

क्र.सं	सूचक	इकाइ	२०८१ असारको स्थिति	२०८१/८२ को वार्षिक लक्ष्य	२०८१ असोजसम्मको लक्ष्य	२०८१ असोजसम्मको प्रगति	२०८१ साउनदेखि असोजसम्मको प्रगति
६२	तटबन्ध निर्माणबाट जग्गा उकास	हेक्टर	१३२०१.९	१५०	१३२१६.८८	१३२१६.८८	१५
६३	सतह सिंचाइ आयोजनाहरूबाट सिंचित क्षेत्रफल विस्तार	हेक्टर	१०२८१००	१०९४५	१०२८४००	१०२८४००	३००
६४	नियोगमार्फत आर्थिक कूटनीतिका कार्यक्रमहरूको सञ्चालन	संख्या	३२०	२००	४०	५२	५२
६५	द्विपक्षीय परामर्श संयन्त्रको बैठक आयोजना/सहभागिता	संख्या	८	१०	२	१	१
६६	विद्युतीय राहदानी वितरण	संख्या (हजारमा)	३४१०	१०००	३६३०	३७६७.५५२	३५७.५५२
६७	कन्सुलर सेवा अन्तर्गत कागजात प्रमाणीकरण	संख्या (हजारमा)	४३०	३५०	८५	१८५.५५२	१८५.५५२
६८	विदेशमा समस्यामा परेका नेपालीको उद्धारमा सहजीकरण	प्रतिशत	१००	१००	१००	१००	१००
६९	विदेशमा समस्यामा परेका नेपालीलाई कानुनी सहायता एवं परामर्श प्रदान	प्रतिशत	१००	१००	१००	१००	१००
७०	कालोपत्रे सडक (दुई लेन)	कि.मि.	१८३६७	८००	१८३९२	१८३९४	२७
७१	कालोपत्रे सडक (चार लेन)	कि.मि.	२२३	१२०	२२८	२२८.५	५.५
७२	पुल निर्माण	वटा	३४१९	१५०	३४२१	३४३०	११
७३	सुरूङ निर्माण (मेन टनेल र ईभ्याकुएसन टनेल)	मिटर	५९६१.३	११०५.७	६३३५	६५६२.८९	६०१.५९
७४	सवारी चालक अनुमति पत्र (स्मार्ट कार्ड) वितरण	संख्या (लाखमा)	३६.९१६६	२७	४१.४१६५५	३७.२६३५९	०.३४७०४
७५	इम्बोस्ड नम्बर प्लेट उत्पादन	संख्या (हजारमा)	५८०.९५७	१८४	६२५.९५७	५८२	१.०४३
७६	माटे सडक (ट्र्याक निर्माण)	कि.मि.		१५०	२०	२०	२०
७७	काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक	प्रतिशत	३५.३८	१५	३७.३८	३६.४२	१.०४

क्र.सं	सूचक	इकाइ	२०८१ असारको स्थिति	२०८१/८२ को वार्षिक लक्ष्य	२०८१ असोजसम्मको लक्ष्य	२०८१ असोजसम्मको प्रगति	२०८१ साउनदेखि असोजसम्मको प्रगति
	आयोजनाको समष्टिगत भौतिक प्रगति						
७८	कर्णाली कोरिडीर (लालिबगर-दुल्लिकुन्ना र घाटपारीचौर-बद्रीगाउँ-भुक्राखोला खण्ड) सडक आयोजनाको समष्टिगत भौतिक प्रगति	कि.मि.	१३.५	२.५	१३.७९	१३.७९	०.२९
७९	कोशी कोरिडोर (च्यामताङ्ग-घोङ्गप्पा खण्ड) सडक आयोजनाको समष्टिगत भौतिक प्रगति	कि.मि.	८.५	२.०१	८.९१	८.९१	०.४१
८०	महाकाली कोरिडोर दार्चुला-टिङ्कर (तुषारपानी-टिङ्कर खण्ड) सडक आयोजनाको समष्टिगत भौतिक प्रगति	कि.मि.	१३.४	१.८	१३.७	१३.५	०.१
८१	बेनीघाट-आरुघाट-लार्केभन्ज्याङ्ग सडक आयोजनाको समष्टिगत भौतिक प्रगति	कि.मि.	३८	२	३८.३२	३८.३२	०.३२
८२	राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय (NDU) निर्माण कार्यको समष्टिगत भौतिक प्रगति	प्रतिशत	१७.२२	५६.८२	२४.२१	२४.२१	६.९९
८३	सामुदायिक विपद् प्रतिकार्य तालिम	जना (हजारमा)	२७.६२५	१६	३१.६१५	३१.६१५	३.९९
८४	वन क्षेत्रबाट सङ्कलित राजस्व रकम	रू. अर्ब	३	३.५	०.५	०.४३	०.४३
८५	उत्पादित काठ बिक्री	क्यू.फिट (लाखमा)	३००	३१०	५०	५२.७७	५२.७७
८६	बिरुवा उत्पादन, खरिद, वितरण	गोटा (हजारमा)	३००००	२००००	२०००	२३५९	२३५९
८७	वन क्षेत्रबाट रोजगारी सिर्जना	जना (हजार)	२७	४०	१०	५.७	५.७
८८	वृक्षारोपण क्षेत्रफल	हेक्टर	३०००	३०००	१५	७६.३७	७६.३७
८९	वातावरणीय परीक्षण	संख्या	१०	१०	२	२	२

क.सं	सूचक	इकाइ	२०८१ असारको स्थिति	२०८१/८२ को वार्षिक लक्ष्य	२०८१ असोजसम्मको लक्ष्य	२०८१ असोजसम्मको प्रगति	२०८१ साउनदेखि असोजसम्मको प्रगति
९०	उद्योग प्रतिष्ठानको वातावरण प्रदूषण सम्बन्धी अनुगमन एवं निरीक्षण	संख्या	९५	१००	१०	१७	१७
९१	वातावरणीय प्रदूषण रोकथाम तथा नियन्त्रणको लागि नदीनाला, तालतलैयाको पानी तथा उद्योग, कलकारखानाबाट निष्कासित फोहोर पानी लगाएतका नमुना सङ्कलन तथा विश्लेषण	संख्या	७०	७५	१५	२६	२६
९२	युवा तथा साना व्यावसायी स्वरोजगार कोषमार्फत स्वरोजगार सिर्जना	जना (हजार)	१०९	१०	११०	१०९	०
९३	उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम	जना	६५००	१०००	६५९०	६५००	०
९४	युवा नवप्रवर्तन तथा इन्क्युवेशन तालिम	जना	४४	१००	६४	४४	०
९५	राष्ट्रियस्तरका प्रतियोगिताहरू आयोजना	वटा	८०	८०	५	९	९
९६	दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूको हवाइउद्धार	प्रतिशत	१००	१००	१००	१००	१००
९७	परिवार तथा आफन्त नभएका बेवारिसे तथा असहाय बालबालिकाको बालगृहमा पुनर्स्थापना	प्रतिशत	१००	१००	१००	४७	४७
९८	हराएकामध्ये फेला परेका परिवार तथा आफन्त भएका बालबालिकाको पारिवारिक पुनर्मिलन	प्रतिशत	१००	१००	१००	८२.७४	८२.७४
९९	स्थानीय तहलाई महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिसम्बन्धी खण्डीकृत तथ्याङ्क	वटा	९०	६०	१०५	९०	०

क्र.सं	सूचक	इकाइ	२०८१ असारको स्थिति	२०८१/८२ को वार्षिक लक्ष्य	२०८१ असोजसम्मको लक्ष्य	२०८१ असोजसम्मको प्रगति	२०८१ साउनदेखि असोजसम्मको प्रगति
	सङ्कलन गर्ने सामाजिक सूचना व्यवस्थापन प्रणाली (SIMS) कार्यान्वयन सम्बन्धी अभिमुखीकरण गर्ने।						
१००	सडक बालबालिकाको उद्धार, पुनर्स्थापना, संरक्षण तथा व्यवस्थापन	प्रतिशत	१००	१००	१००	१२.९९	१२.९९
१०१	आप्रवासी स्रोत केन्द्र/उपकेन्द्र स्थापना र व्यवस्थापन	जिल्ला संख्या	४२	३५	५०	४८	६
१०२	पुनःएकीकरण कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या	संख्या (हजारमा)	४	१	४.३	४.१२	०.१२
१०३	वैदेशिक रोजगारमा जाने सिपयुक्त संख्या	प्रतिशत	०	८०	१०	७४.८९	७४.८९
१०४	सामाजिक सुरक्षा योजनामा समावेश हुने प्रतिष्ठान/रोजगारदाताको संख्या	संख्या (हजारमा)	१९.२०४	१०.७९६	२१	१९.६७६	०.४७२
१०५	सामाजिक सुरक्षा कोषमा आबद्ध लाभग्राहीको संख्या	संख्या (हजारमा)	१४८८	१०१२	१६००	१६८८.०२५	२००.०२५
१०६	पर्यटक आगमन	संख्या (लाखमा)	११.१७	१६	३.०७९६७	२.६४१४२	२.६४१४२
१०७	ग्रेट हिमालयन ट्रेल निर्माण	कि.मि.	५६५	२५	५६६	५७०	५
१०८	पर्यटन क्षेत्रको शैक्षिक/तालिम प्राप्त जनशक्ति	संख्या (हजारमा)	१३.८५३	१४.५	३	१.१५१	१.१५१
१०९	गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट हुने अन्तर्राष्ट्रिय उडान संख्या	संख्या	१२०	१५०	४५	१०	१०
११०	प्रतिलिपि अधिकार संरक्षण दर्ता	संख्या	२७९६	२०४	२८१६	२८४७	५१
१११	अभिलेखको डिजिटाइजेसन	संख्या (हजारमा)	६००	६००	७५०	६६२	६२
११२	पर्यटक स्तरको तारेहोटलमा उपलब्ध वेड संख्या	संख्या (हजारमा)	१८.९०७	१.०९३	१९.१	१९.४६३	०.५५६

क्र.सं	सूचक	इकाइ	२०८१ असारको स्थिति	२०८१/८२ को वार्षिक लक्ष्य	२०८१ असोजसम्मको लक्ष्य	२०८१ असोजसम्मको प्रगति	२०८१ साउनदेखि असोजसम्मको प्रगति
११३	स्थानीय तहबाट प्राप्त भएका आवधिक योजनामा पृष्ठपोषण तथा सुझाव प्रदान	प्रतिशत	१००	१००	१००	१००	१००
११४	कर्मचारी प्रशिक्षण/ तालिम (अधिकृत स्तर) (थप)	जना	२३५४	२२००	५५०	६६४	६६४
११५	सेवाग्राही सन्तुष्टि सर्भेक्षण	कार्यालय	१६	२०	५	४	४
११६	कर्मचारी सेवाकालीन तालिम (राजपत्र अनंकित तथा स्थानीय तहका अधिकृत समेत)	जना	७४१	४८०	१२०	२९०	२९०
११७	निजामती अस्पतालबाट औसत प्रतिदिन वहिरंग सेवा प्रदान	जना	९०८	१००५	१००५	११०५	११०५
११८	व्यवस्थापन परीक्षण गरिएका निकाय	निकाय संख्या	१६	३०	५	२	२
११९	२४ कोर माथिको अप्टिकल फाइवर विस्तार	कि.मि.	१५०००	३०००	१५७५०	१६८७२	१८७२
१२०	फिक्स ब्रोडव्याण्ड सेवा विस्तार	प्रतिशत	४३	३	४३.७५	४४.३६	१.३६
१२१	मोबाइल सेवा विस्तार	प्रतिशत	९७	१	९७.२५	१०१.९	४.९
१२२	नागरिक एपमा आबद्ध सरकारी सेवा	संख्या	६२	८	६४	६४	२
१२३	फोर जी/एल.टी.ई. सेवा विस्तार	प्रतिशत	७०	१०	७२	७९.९८	९.९८
१२४	GIOMS लागु भएका सरकारी कार्यालय	संख्या	५८	५२	७०	८५	२७
१२५	रेडियो नेपालबाट प्रसारण हुने समावेशी कार्यक्रम	संख्या	२४	१	२५	२५	१
१२६	गोरखापत्र संस्थानबाट प्रकाशन हुने समावेशी कार्यक्रम	संख्या	४३	२	४४	४४	१
१२७	स्वास्थ्य संस्थाबाट प्रसुति सेवा लिने महिला	प्रतिशत	७५	८०	२६.७	१७	१७
१२८	चौथो पटकसम्म गर्भवती जाँच गर्ने महिला	प्रतिशत	८५	९०	२२.५	२०	२०

क्र.सं	सूचक	इकाइ	२०८१ असारको स्थिति	२०८१/८२ को वार्षिक लक्ष्य	२०८१ असोजसम्मको लक्ष्य	२०८१ असोजसम्मको प्रगति	२०८१ साउनदेखि असोजसम्मको प्रगति
१२९	दक्ष स्वास्थ्यकर्मीद्वारा प्रसुति सेवा प्राप्त गर्ने महिला	प्रतिशत	७०	८०	२०	१७	१७
१३०	तोकिए बमोजिम सबै खोप प्राप्त बालबालिका	प्रतिशत	९०	९५	२४	१६	१६
१३१	क्षयरोग Case Notification Rate प्रति १ लाख जनसंख्या	जना	१३३	१३०	३२	२८	२८
१३२	क्षयरोग उपचार सफलता दर	प्रतिशत	९२	९५	९२	८४	८४
१३३	आयुर्वेद सेवा प्राप्त गर्ने जनसंख्या	जना (हजार)	२१००	२४००	६००	३५१	३५१
१३४	निःशुल्क मिर्गौला प्रत्यारोपण भएका व्यक्ति	जना	२८०	४००	१००	८२	८२
१३५	निःशुल्क मुटु रोग उपचार पाएका व्यक्ति	जना (हजार)	६	७	१.८	१.६	१.६
१३६	स्वास्थ्य बिमामा आबद्ध जनसंख्या	प्रतिशत	२८	३२	३०	२८.६	०.६
१३७	आधारभूत अस्पताल सञ्चालन भएका स्थानीय तह	संख्या	२८	७२	३०	२८	०
१३८	चिकित्सक कार्यरत स्थानीय तह	स्थानीय तह		४००	२००	२८२	२८२
१३९	एकीकृत सेवामा आबद्ध भएका एम्बुलेन्स	प्रतिशत	५५	२०	६०	५५	०
१४०	परियोजना पहिचान नोट (PIN) तयार	संख्या	०	१०	२	२	२

२. कार्यसम्पादन सूचकमध्ये आंशिक सूचकको प्रगति प्रविष्टि गर्ने मन्त्रालयहरूमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, शहरी विकास मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय रहेका छन् भने कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले हालसम्म सूचकको प्रगति प्रविष्ट गरेको छैन।

३. महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार २०८१ असोज महिनासम्म नेपाल सरकारको कुल पुँजीगत खर्चको प्रगति ८.३४ प्रतिशत रहेकोमा उक्त राष्ट्रिय औसतभन्दा बढी पुँजीगत खर्च गर्ने मन्त्रालयहरूमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, गृह मन्त्रालय, कृषि

तथा पशुपन्छी विकास मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय रहेका छन्।



सरकारी वित्त

४. महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार २०८१ असोज महिनासम्ममा कर राजस्व वार्षिक लक्ष्यको १७.११ प्रतिशत सङ्कलन भएको छ। अघिल्लो वर्षको यही अवधिको तुलनामा कर राजस्व रकम १०.१४ प्रतिशतले वृद्धि भई २१९.६८ अर्ब सङ्कलन भएको छ।



गैरकर राजस्व वार्षिक लक्ष्यको २१.१५ प्रतिशत सङ्कलन भएको र गतवर्षको यही अवधिको तुलनामा राजस्व रकम ४५.४१ प्रतिशतले वृद्धि भई २८.५८ अर्ब पुगेको छ। त्यसैगरी, कुल राजस्व सङ्कलन वार्षिक लक्ष्यको १७.४९ प्रतिशत पुगेको र गत वर्षको असोजसम्मको तुलनामा राजस्व रकम १३.३ प्रतिशतले वृद्धि भई २४८.२६ अर्ब पुगेको छ।

५. महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार नेपाल सरकारद्वारा विनियोजित कुल बजेटमध्ये चालु आर्थिक वर्षको असोज महिनासम्ममा चालुतर्फ २०.१५ प्रतिशत, पुँजीगततर्फ ८.३४ प्रतिशत र वित्तीय व्यवस्थातर्फ १९.०५ प्रतिशत गरी जम्मा १७.७ प्रतिशत खर्च भएको देखिएको छ। गत वर्षको यस अवधिमा भएको खर्च तुलना गर्दा चालु खर्च रकम ७.७ प्रतिशतले वृद्धि भई २२९.८५ अर्ब, पुँजीगत खर्च रकम ६४.७ प्रतिशतले वृद्धि भई २९.३७ अर्ब र वित्तीय व्यवस्था रकम ४१.८ प्रतिशतले वृद्धि भई ६९.९७ अर्ब गरी कुल खर्च रकम १७.३ प्रतिशतले वृद्धि भई ३२९.२ अर्ब भएको छ।



मन्त्रालय/निकायहरूको क्षेत्र विभाजन

६. कार्ययोजना कार्यान्वयनको प्रगति अवस्थालाई विश्लेषण गर्न मन्त्रालय तथा निकायहरूलाई कार्यप्रकृतिका आधारमा ४ वटा प्रमुख क्षेत्रमा विभाजन गरिएको छ। प्रमुख क्षेत्र र ती क्षेत्र अन्तर्गत रहने मन्त्रालय/निकायहरू देहायअनुसार छन्।

क. **आर्थिक क्षेत्रः** यस क्षेत्र अन्तर्गत अर्थ मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय गरी ६ वटा मन्त्रालयहरू र लगानी बोर्डको कार्यालयसमेत गरी ७ वटा निकायहरू समावेश छन्।

ख. **पूर्वाधार क्षेत्रः** यस क्षेत्र अन्तर्गत भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, शहरी विकास मन्त्रालय, खानेपानी मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालय गरी ५ वटा मन्त्रालयहरू समावेश छन्।

ग. **शासकीय सुधार क्षेत्रः** यस क्षेत्र अन्तर्गत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, परराष्ट्र मन्त्रालय, राष्ट्रिय योजना आयोग, सार्वजनिक खरिद

अनुगमन कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, राष्ट्रिय तथ्याङ्क कार्यालय र नेपाल ट्रष्टको कार्यालय गरी ११ वटा मन्त्रालय/निकायहरू समावेश छन्।

घ. **सामाजिक क्षेत्रः** यस क्षेत्र अन्तर्गत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय र श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय गरी ५ वटा मन्त्रालयहरू समावेश छन्।

क्रियाकलापको प्रगति स्थिति

७. चालु आर्थिक वर्षको कुल १,०१० वटा क्रियाकलापमध्ये असोज महिनासम्ममा १.३९ प्रतिशत क्रियाकलाप सम्पन्न भएका छन्। गत आर्थिक वर्षको यस अवधिमा सम्पन्न क्रियाकलाप प्रतिशत ३.८८ रहेको थियो। असोज महिनासम्ममा सम्पन्न हुनुपर्ने कुल ४३ वटा क्रियाकलापमध्ये ३२.६ प्रतिशत सम्पन्न, ६०.५ प्रतिशत चालु र ६.९ प्रतिशत सुरु नभएको अवस्था छ।

असोजसम्म सम्पन्न हुनुपर्ने क्रियाकलापको प्रगति स्थिति



८. असोज महिनाभित्र सम्पन्न हुनुपर्ने क्रियाकलापको प्रगति स्थिति क्षेत्रगत रूपमा हेर्दा शासकीय सुधार क्षेत्रको सबैभन्दा बढी ४० प्रतिशत क्रियाकलाप सम्पन्न भएको देखिन्छ भने सबैभन्दा कम सामाजिक क्षेत्रको २२.२ प्रतिशत क्रियाकलाप सम्पन्न भएको देखिएको छ।

तालिका २- क्रियाकलापको प्रगति स्थिति

क्षेत्र	कुल क्रियाकलाप	२०८१ असोजसम्म						
		सम्पन्न हुनुपर्ने	सम्पन्न		चालु		सुरु नभएका	
			संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
आर्थिक	२७७	१६	५	३१.३	९	५६.३	२	१२.५
पूर्वाधार	३४७	८	३	३७.५	५	६२.५	०	०.०
शासकीय सुधार	२३४	१०	४	४०.०	५	५०.०	१	१०.०
सामाजिक	१५२	९	२	२२.२	७	७७.८	०	०.०
कुल	१०१०	४३	१४	३२.६	२६	६०.५	३	६.९

माइलस्टोनको प्रगति स्थिति

९. आर्थिक वर्ष २०८१/८२ का लागि निर्धारित कुल १,९६१ माइलस्टोनमध्ये असोज महिनासम्ममा ५.६१ प्रतिशत माइलस्टोन सम्पन्न भएका छन्। गत आ.व. को यही अवधिमा उक्त प्रतिशत ८.१३ रहेको थियो। असोज महिनासम्म सम्पन्न हुनुपर्ने गरी लक्ष्य निर्धारण गरिएका २७२ माइलस्टोनमध्ये ४०.४ प्रतिशत सम्पन्न, ४७.१ प्रतिशत चालु र १२.५ प्रतिशत सुरु नभएको अवस्थामा देखिएका छन्।

असोजसम्म सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगति स्थिति



१०. असोज महिनाभित्र सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगति स्थिति र गत आ.व. को यही अवधिको प्रगति स्थिति बीच तुलना गर्दा सम्पन्न माइलस्टोन ४.५ प्रतिशतले बढी, चालु अवस्थामा रहेका माइलस्टोन ४ प्रतिशतले कम र कार्य सुरु नभएका माइलस्टोन १ प्रतिशतले कम रहेको देखिएको छ।

सम्पन्न हुनुपर्ने माइलस्टोनको तुलना (प्रतिशत)



११. असोज महिनाभित्र सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगति अवस्था क्षेत्रगत रूपमा विश्लेषण गर्दा शासकीय सुधार क्षेत्रको सबैभन्दा धेरै ४९.३ प्रतिशत माइलस्टोन सम्पन्न भएका छन् भने सबैभन्दा कम सामाजिक क्षेत्रको ३२.१ प्रतिशत सम्पन्न भएका छन्। सामाजिक क्षेत्रको १६.७ प्रतिशत माइलस्टोन सुरु नै हुन सकेका छैनन्।

तालिका ३- सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगति स्थिति

क्षेत्र	कुल माइलस्टोन	२०८१ असोजभित्र						
		सम्पन्न हुनुपर्ने	सम्पन्न		चालु		सुरु नभएका	
			संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
आर्थिक	५३२	६२	२६	४१.९	२६	४१.९	१०	१६.१
पूर्वाधार	६५२	६१	२४	३९.३	३१	५०.८	६	९.८
शासकीय सुधार	४६४	७१	३५	४९.३	३१	४३.७	५	७.०
सामाजिक	३१३	७८	२५	३२.१	४०	५१.३	१३	१६.७
कुल	१,९६१	२७२	११०	४०.४	१२८	४७.१	३४	१२.५

१२. असोज महिनाभित्र सुरु भई निश्चित लक्ष्य हासिल गरी पछिल्लो महिनामा सम्पन्न हुनुपर्ने ४३६ माइलस्टोनमध्ये लक्ष्य प्राप्त भएका ५४.१ प्रतिशत, लक्ष्य प्राप्त नभएका ३९.४ प्रतिशत र सुरु नै नभएका ६.५ प्रतिशत माइलस्टोन देखिएका छन्।



१३. असोज महिनाभित्र सुरु भई निश्चित लक्ष्य हासिल गरी पछिल्लो महिनामा सम्पन्न हुनुपर्ने ४३६ वटा माइलस्टोनको प्रगति क्षेत्रगत रूपमा विश्लेषण गर्दा पूर्वाधार क्षेत्रको ६३.१ प्रतिशत, शासकीय सुधार क्षेत्रको ६०.५ प्रतिशत, आर्थिक क्षेत्रको ४७.३ प्रतिशत र सामाजिक क्षेत्रको ३०.४ प्रतिशत माइलस्टोनले लक्ष्य प्राप्त गरेको देखिन्छ।

तालिका ४- असोजभित्र सुरु भई निश्चित लक्ष्य हासिल हुनुपर्ने माइलस्टोनको प्रगति स्थिति

क्षेत्र	कुल माइलस्टोन	२०८१ असोजभित्र						
		सुरु हुनुपर्ने	लक्ष्य प्राप्त भएका		लक्ष्य प्राप्त नभएका		सुरु नभएका	
			संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
आर्थिक	५३२	१३१	६२	४७.३	५९	४५.०	१०	७.६
पूर्वाधार	६५२	१३०	८२	६३.१	४२	३२.३	६	४.६
शासकीय सुधार	४६४	१२९	७८	६०.५	४२	३२.६	९	७.०
सामाजिक	३१३	४६	१४	३०.४	२९	६३.०	३	६.५
कुल	१९६१	४३६	२३६	५४.१	१७२	३९.४	२८	६.५

१४. आर्थिक क्षेत्रका कुल ५३२ वटा माइलस्टोनमध्ये असोज महिनासम्म सम्पन्न हुनुपर्ने माइलस्टोन ६२ वटा रहेका छन्। जसमध्ये संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सबैभन्दा बढी ६६.७ प्रतिशत माइलस्टोन सम्पन्न गरेको छ भने लगानी बोर्डको कार्यालयले कुनैपनि माइलस्टोन सम्पन्न गर्न सकेको छैन। लगानी बोर्डको कार्यालयको ५० प्रतिशत र अर्थ मन्त्रालयको २६.५ प्रतिशत माइलस्टोन सुरु हुन नसकेको देखिएको छ।

तालिका ५- सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगति स्थितिः आर्थिक क्षेत्र

क्र.सं.	मन्त्रालय/निकाय	कुल माइलस्टोन	असोजभित्र सम्पन्न हुनुपर्ने	सम्पन्न		चालु		कार्य सुरु नभएका	
				संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन	६५	३	२	६६.७	१	३३.३		
२	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण	५८	५	३	६०.०	२	४०.०		
३	उद्योग, वाणिज्य तथा आपूर्ति	७१	१०	५	५०.०	५	५०.०		
४	वन तथा वातावरण	९३	४	२	५०.०	२	५०.०		
५	अर्थ	१३७	३४	१३	३८.२	१२	३५.३	९	२६.५
६	कृषि तथा पशुपन्छी विकास	९२	४	१	२५.०	३	७५.०		
७	लगानी बोर्डको कार्यालय	१६	२			१	५०.०	१	५०.०
कुल		५३२	६२	२६	४१.९	२६	४१.९	१०	१६.१

१५. आर्थिक क्षेत्र अन्तर्गतका असोजभित्र सुरु भई निश्चित लक्ष्य प्राप्त गरी पछिल्लो महिनामा सम्पन्न हुने माइलस्टोनको विश्लेषण गर्दा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको सबैभन्दा बढी ९१.७ प्रतिशत माइलस्टोनले असोज महिनाका लागि निर्धारित लक्ष्य प्राप्त गरेका छन्। वन तथा वातावरण मन्त्रालयको सबैभन्दा कम ९.७ प्रतिशत माइलस्टोनले लक्ष्य प्राप्त गरेका छन् भने १९.४ प्रतिशत माइलस्टोन सुरु नै हुन सकेका छैनन्।

तालिका ६- सुरु भई निश्चित लक्ष्य हासिल हुनुपर्ने माइलस्टोनको प्रगति स्थितिः आर्थिक क्षेत्र

क्र.सं.	मन्त्रालय/निकाय	कुल माइलस्टोन	असोजभित्र सुरु हुनुपर्ने	लक्ष्य प्राप्त भएका		लक्ष्य प्राप्त नभएका		कार्य सुरु नभएका	
				संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण	५८	१२	११	९१.७	१	८.३		
२	कृषि तथा पशुपन्छी विकास	९२	३१	२१	६७.७	९	२९.०	१	३.२
३	लगानी बोर्डको कार्यालय	१६	४	२	५०.०	२	५०.०		
४	उद्योग, वाणिज्य तथा आपूर्ति	७१	१४	७	५०.०	६	४२.९	१	७.१
५	अर्थ	१३७	२३	११	४७.८	१०	४३.५	२	८.७
६	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन	६५	१६	७	४३.८	९	५६.३		
७	वन तथा वातावरण	९३	३१	३	९.७	२२	७१.०	६	१९.४
कुल		५३२	१३१	६२	४७.३	५९	४५.०	१०	७.६

१६. पूर्वाधार क्षेत्र अन्तर्गत असोजभित्र सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगति विश्लेषण गर्दा शहरी विकास मन्त्रालयले सबैभन्दा बढी ७५ प्रतिशत माइलस्टोन सम्पन्न गरेको छ। खानेपानी मन्त्रालयको ५० प्रतिशत माइलस्टोन सुरु हुन नसकेको देखिएको छ।

तालिका ७- सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगति स्थितिः पूर्वाधार क्षेत्र

क्र.सं.	मन्त्रालय/निकाय	कुल माइलस्टोन	असोजभित्र सम्पन्न हुनुपर्ने	सम्पन्न		चालु		कार्य सुरु नभएका	
				संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१	शहरी विकास	१८५	८	६	७५.०	२	२५.०		
२	भौतिक पूर्वाधार तथा यातायात	९८	५	२	४०.०	१	२०.०	२	४०.०
३	सञ्चार तथा सूचना प्रविधि	८१	१६	६	३७.५	८	५०.०	२	१२.५
४	ऊर्जा, जलस्रोत तथा सिँचाइ	२२३	२८	१०	३५.७	१८	६४.३		
५	खानेपानी	६५	४			२	५०.०	२	५०.०
कुल		६५२	६१	२४	३९.३	३१	५०.८	६	९.८

१७. पूर्वाधार क्षेत्र अन्तर्गतका असोज महिनाभित्र सुरु भई निश्चित लक्ष्य प्राप्त गरी पछिल्लो महिनामा सम्पन्न हुने माइलस्टोनको विश्लेषण गर्दा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको ७६.५ प्रतिशत माइलस्टोनले असोज महिनाका लागि तोकिएको लक्ष्य प्राप्त गरेको देखिएको छ भने शहरी विकास मन्त्रालयको सबैभन्दा कम ४८.४ प्रतिशत माइलस्टोनले तोकिएको लक्ष्य हासिल गरेका छन्।

तालिका ८- सुरु भई निश्चित लक्ष्य हासिल हुनुपर्ने माइलस्टोनको प्रगति स्थितिः पूर्वाधार क्षेत्र

क्र.सं.	मन्त्रालय/निकाय	कुल माइलस्टोन	असोजभित्र सुरु हुनुपर्ने	लक्ष्य प्राप्त भएका		लक्ष्य प्राप्त नभएका		कार्य सुरु नभएका	
				संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१	सञ्चार तथा सूचना प्रविधि	१७	१३	७६.५	३	१७.६	१	५.९	१७
२	ऊर्जा, जलस्रोत तथा सिँचाइ	६१	४१	६७.२	१७	२७.९	३	४.९	६१
३	खानेपानी	१७	११	६४.७	६	३५.३			१७
४	भौतिक पूर्वाधार तथा यातायात	४	२	५०.०	२	५०.०			४
५	शहरी विकास	३१	१५	४८.४	१४	४५.२	२	६.५	३१
कुल		६५२	१३०	८२	६३.१	४२	३२.३	६	४.६

१८. शासकीय सुधार क्षेत्र अन्तर्गत असोज महिनाभित्र सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगति अवस्था अध्ययन गर्दा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय; सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय तथ्याङ्क कार्यालयको असोज महिनाका लागि तोकिएको शतप्रतिशत माइलस्टोन सम्पन्न भएका छन् भने सबैभन्दा कम रक्षा मन्त्रालयको सम्पन्न प्रतिशत ११.१ रहेको छ। राष्ट्रिय सतर्कता केन्द्र र नेपाल ट्रष्टको कार्यालयको असोज महिनामा सम्पन्न हुने लक्ष्य तोकिएको माइलस्टोन नरहेको देखिएको छ।

तालिका ९- सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगति स्थितिः शासकीय सुधार क्षेत्र

क्र.सं.	मन्त्रालय/निकाय	कुल माइलस्टोन	असोजभित्र सम्पन्न हुनुपर्ने	सम्पन्न		चालु		कार्य सुरु नभएका	
				संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१	कानुन, न्याय तथा संसदीय मामिला	३८	८	८	१००.०				
२	सङ्घीय मामिला तथा सामान्य प्रशासन	२७	१	१	१००.०				
३	राष्ट्रिय तथ्याङ्क कार्यालय	४०	३	३	१००.०				
४	राष्ट्रिय योजना आयोग	१६	३	२	६६.७	१	३३.३		
५	सार्वजनिक खरिद अनुगमन कार्यालय	२६	३	२	६६.७	१	३३.३		
६	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	९१	२१	९	४२.९	८	३८.१	४	१९.०
७	गृह	१०८	२०	८	४०.०	११	५५.०	१	५.०
८	परराष्ट्र	३७	३	१	३३.३	२	६६.७		
९	रक्षा	६३	९	१	११.१	८	८८.९		
१०	राष्ट्रिय सतर्कता केन्द्र	१०							
११	नेपाल ट्रष्टको कार्यालय	८							
कुल		४६४	७१	३५	४९.३	३१	४३.७	५	७.०

१९. शासकीय सुधार क्षेत्र अन्तर्गतका असोज महिनाभित्र सुरु भई निश्चित लक्ष्य प्राप्त गरी पछिल्लो महिनामा सम्पन्न हुने माइलस्टोनको प्रगति अवस्था विश्लेषण गर्दा राष्ट्रिय तथ्याङ्क कार्यालयको सबैभन्दा धेरै शतप्रतिशत माइलस्टोनले लक्ष्य प्राप्त गरेका छन् भने सबैभन्दा कम कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको माइलस्टोनको लक्ष्य प्राप्त प्रतिशत १२.५ रहेको छ।

तालिका १०- सुरु भई निश्चित लक्ष्य हासिल हुनुपर्ने माइलस्टोनको प्रगति स्थितिः शासकीय सुधार क्षेत्र

क.सं.	मन्त्रालय/निकाय	कुल माइलस्टोन	असोजभित्र सुरु हुनुपर्ने	लक्ष्य प्राप्त भएका		लक्ष्य प्राप्त नभएका		कार्य सुरु नभएका	
				संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१	राष्ट्रिय तथ्याङ्क कार्यालय	४०	३	३	१००.०				
२	गृह	१०८	२४	१९	७९.२	५	२०.८		
३	सङ्घीय मामिला तथा सामान्य प्रशासन	२७	१२	९	७५.०	३	२५.०		
४	परराष्ट्र	३७	१८	११	६१.१	७	३८.९		
५	रक्षा	६३	१८	११	६१.१	७	३८.९		
६	राष्ट्रिय सतर्कता केन्द्र	१०	५	३	६०.०	२	४०.०		
७	सार्वजनिक खरिद अनुगमन कार्यालय	२६	९	५	५५.६	१	११.१	३	३३.३
८	राष्ट्रिय योजना आयोग	१६	६	३	५०.०	३	५०.०		
९	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	९१	२४	१२	५०.०	७	२९.२	५	२०.८
१०	नेपाल ट्रष्टको कार्यालय	८	२	१	५०.०			१	५०.०
११	कानुन, न्याय तथा संसदीय मामिला	३८	८	१	१२.५	७	८७.५		
कुल		४६४	१२९	७८	६०.५	४२	३२.६	९	७.०

२०. सामाजिक क्षेत्र अन्तर्गत असोजभित्र सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगति अवस्था विश्लेषण गर्दा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सबैभन्दा धेरै ५० प्रतिशत माइलस्टोन सम्पन्न गरेको छ भने महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले कुनै पनि माइलस्टोन सम्पन्न गर्न सकेको छैन।

तालिका ११- सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगति स्थितिः सामाजिक क्षेत्र

क.सं.	मन्त्रालय/निकाय	कुल माइलस्टोन	असोजभित्र सम्पन्न हुनुपर्ने	सम्पन्न		चालु		कार्य सुरु नभएका	
				संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१	श्रम, रोजगार तथा सामाजिक सुरक्षा	४५	८	४	५०.०	३	३७.५	१	१२.५
२	स्वास्थ्य तथा जनसङ्ख्या	५२	४	२	५०.०	१	२५.०	१	२५.०
३	शिक्षा, विज्ञान तथा प्रविधि	१२४	३३	१३	३९.४	१८	५४.५	२	६.१
४	युवा तथा खेलकुद	७०	२३	६	२६.१	११	४७.८	६	२६.१
५	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक	२२	१०			७	७०.०	३	३०.०
कुल		३१३	७८	२५	३२.१	४०	५१.३	१३	१६.७

२१. सामाजिक क्षेत्र अन्तर्गतका असोज महिनाभित्र सुरु भई निश्चित लक्ष्य प्राप्त गरी पछिल्लो महिनामा सम्पन्न हुने माइलस्टोनको प्रगति अवस्था विश्लेषण गर्दा सबैभन्दा बढी युवा तथा खेलकुद मन्त्रालयको ७१.४ प्रतिशत माइलस्टोनले लक्ष्य प्राप्त गरेका छन् भने महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका कुनैपनि माइलस्टोनले असोज महिनासम्मका लागि निर्धारित लक्ष्य प्राप्त गर्न सकेको देखिंदैन।

तालिका १२- सुरु भई निश्चित लक्ष्य हासिल हुनुपर्ने माइलस्टोनको प्रगति स्थितिः सामाजिक क्षेत्र

क.सं.	मन्त्रालय/निकाय	कुल माइलस्टोन	असोजभित्र सुरु हुनुपर्ने	लक्ष्य प्राप्त भएका		लक्ष्य प्राप्त नभएका		कार्य सुरु नभएका	
				संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
१	युवा तथा खेलकुद	७०	७	५	७१.४	२	२८.६		
२	स्वास्थ्य तथा जनसङ्ख्या	५२	१०	५	५०.०	२	२०.०	३	३०.०
३	शिक्षा, विज्ञान तथा प्रविधि	१२४	१५	४	२६.७	११	७३.३		
४	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक	२२	१			१	१००.०		
५	श्रम, रोजगार तथा सामाजिक सुरक्षा	४५	१३			१३	१००.०		
कुल		३१३	४६	१४	३०.४	२९	६३.०	३	६.५

<u>कार्ययोजना कार्यान्वयनमा देखिएका समस्याहरू</u>

२२. असोज महिनाभित्र सम्पन्न हुनुपर्ने माइलस्टोनमध्ये चालु अवस्थामा रहेका १२८ वटा र सुरु हुन नसकेका ३४ वटा; असोज महिनाभित्र निर्धारित लक्ष्य हासिल गरी चालु अवस्थामा रहनुपर्ने माइलस्टोनमध्ये लक्ष्य प्राप्ति नभएका १७२ वटा र सुरु हुन नसकेका २८ वटा गरी जम्मा ३६२ वटा माइलस्टोनको लक्ष्य हासिल हुन नसकेको देखिन्छ।

तालिका १३- लक्ष्य हासिल हुन नसकेका माइलस्टोनको विवरण

क.सं.	विवरण	माइलस्टोन संख्या	प्रतिशत
१	सम्पन्न हुनुपर्ने मध्ये चालु	१२८	३५.४
२	सम्पन्न हुनुपर्नेमध्ये सुरु नभएका	३४	९.४
३	निश्चित लक्ष्यसहित चालु रहनुपर्नेमध्ये लक्ष्य प्राप्ति नभएका	१७२	४७.५
४	सुरु हुनुपर्नेमध्ये सुरु नभएका	२८	७.७
कुल		३६२	१००

२३. मन्त्रालय/ निकायहरूले निश्चित लक्ष्य हासिल गर्न नसकेका उक्त ३६२ माइलस्टोनलाई विषय अनुसार वर्गीकरण गर्दा कार्यक्रम सञ्चालनसँग सम्बन्धित विषयका १६८ वटा माइलस्टोन र खरिद प्रक्रियासँग सम्बन्धित विषयका ७४ वटा माइलस्टोनले तोकिएको लक्ष्य प्राप्त गर्न नसकेको देखिन्छ।

तालिका १४- तोकिएको लक्ष्य प्राप्त नभएका माइलस्टोनका विषय

क.सं.	माइलस्टोनका विषय	माइलस्टोन संख्या	प्रतिशत
१	कार्यक्रम सञ्चालन	१६८	४६.४
२	खरिद प्रक्रिया	७४	२०.४
३	निर्माण/खरिद कार्य	६०	१६.६
४	कानुनी तयारी	२९	८.०
५	सम्भाव्यता अध्ययन	१४	३.९
६	जग्गा प्राप्ति तथा साइट क्लियरेन्स	१०	२.८
७	वातावरणीय अध्ययन	५	१.४
८	लगानी मोडालिटी तथा वित्तीय ढाँचा तयार	२	०.६
कुल जम्मा		३६२	१००

२४. सम्बन्धित मन्त्रालय/निकायहरूले दर्शाएका ३६२ वटा माइलस्टोनको लक्ष्य हासिल हुन नसक्नुका कारण/ समस्याहरू तालिका १५ मा देखाइएको छ।

तालिका १५- लक्ष्य हासिल हुन नसक्नुका कारण/ समस्या

क.सं.	लक्ष्य प्राप्त हुन नसक्नुका कारण/समस्या	माइल्स्टोन संख्या	प्रतिशत
१	कार्यक्रम कार्यान्वयनका लागि पूर्व तयारी पूरा नभएको	९४	२६.०
२	बजेट व्यवस्थापन/ स्रोत सुनिश्चितता नभएको	२९	८.०
३	विपद्	२९	८.०
४	जनशक्ति अभाव तथा नेतृत्व परिवर्तन	१८	५.०
५	अन्तर तह/ मन्त्रालय/ निकाय समन्वय र स्वीकृति	१३	३.६
६	विवाद तथा प्रक्रियागत जटिलता	६	१.७
७	स्थान छनोट / जग्गा प्राप्ति नभएको	४	१.१
८	कार्यक्रमको पुनःसंरचना / पुनः प्रक्रिया आरम्भ गर्नु परेको	३	०.८
९	निर्माण समाग्रीको अभाव	२	०.६
१०	कानुन तर्जुमा / संशोधन हुन नसकेको	१	०.३
११	अन्य (कारण नखुलेको)	१६३	४५.०
कुल		३६२	१००

२५. माइलस्टोनले लक्ष्य हासिल गर्न नसक्नुका कारण/समस्याहरू निकायगत रूपमा देहाय बमोजिम रहेका छन्-

क.सं.	मन्त्रालय/निकाय	काम सुरु हुन नसक्नुका कारणहरू*											कुल
		१	२	३	४	५	६	७	८	९	१०	११	
१	प्र.म. तथा म.प.का.	१९		१								४	२४
२	अर्थ	११		१			२					१९	३३
३	उद्योग	१		१		२						८	१२
४	ऊर्जा	१	६	२		६	२		१			२०	३८
५	कानुन											७	७
६	कृषि	२		४	१							६	१३
७	खानेपानी		२							१		७	१०
८	गृह	४	१	१					१			१०	१७
९	परराष्ट्र											९	९
१०	भूमि			१								२	३
११	भौतिक		२		१		१					१	५
१२	महिला	१	३				१	१				५	११
१३	युवा	१०	१					१			१	६	१९
१४	रक्षा			४								११	१५
१५	वन	५		२	९				१	१		१२	३०
१६	शिक्षा	१५	३	२	३	२						६	३१
१७	श्रम	९										८	१७
१८	संस्कृति	२	७			१							१०
१९	सङ्घीय मामिला	१		२									३
२०	सञ्चार	३	१	१	१	२						६	१४
२१	शहरी	३	२	४				१				८	१८
२२	स्वास्थ्य	२	१	१	१			१				१	७
२३	योजना आयोग											४	४
२५	सतर्कता केन्द्र			२									२
२६	सार्वजनिक खरिद	५											५
२७	लगानी बोर्ड				२							२	४
२८	नेपाल ट्रष्ट											१	१
कुल जम्मा		९४	२९	२९	१८	१३	६	४	३	२	१	१६३	३६२

*१. कार्यक्रम कार्यान्वयनका लागि पूर्व तयारी पूरा नभएको २. बजेट व्यवस्थापन/ स्रोत सुनिश्चितता नभएको ३. विपद् ४. जनशक्ति अभाव तथा नेतृत्व परिवर्तन ५. अन्तर तह/ मन्त्रालय/ निकाय समन्वय र स्वीकृति ६. विवाद तथा प्रक्रियागत जटिलता ७. स्थान छनोट/ जग्गा प्राप्ति नभएको ८. कार्यक्रमको पुनःसंरचना / पुनः प्रक्रिया आरम्भ गर्नुपरेको ९. निर्माण समाग्रीको अभाव १०. कानुन तर्जुमा / संशोधन हुन नसकेको र ११. अन्य

२६. माथिको तालिका विश्लेषण गर्दा लक्ष्य प्राप्त हुन नसक्नुका कारणहरूमा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पूर्वतयारीका कार्यहरू पूरा हुन नसक्नु प्रमुख कारणको रूपमा रहेको छ। स्पेशिफिकेशन र लागत अनुमान तयारीमा विलम्ब, अध्ययन तथा अनुसन्धानमा विलम्ब, कार्यविधि मापदण्ड आदि स्वीकृतिमा ढिलाइ जस्ता पूर्वतयारीका कार्यहरू समयमा सम्पन्न हुन नसकेकोले कार्यक्रमहरू अगाडि बढ्न सकेका छैनन्। समीक्षा अवधिमा कार्यक्रम कार्यान्वयनका लागि पूर्वतयारी पूरा हुन नसकेका कारण ९४ वटा माइलस्टोनले लक्ष्य प्राप्त गर्न नसकेको देखिएको छ।

२७. चालु आर्थिक वर्षको बजेट कार्यान्वयन कार्ययोजना तर्जुमा गर्दा स्रोत सुनिश्चितता नभएका कार्यहरू कार्ययोजनामा समावेश नगर्न सुझाव दिइएको थियो। तर पनि सम्पन्न वा सुरु हुनुपर्ने माइलस्टोनमध्ये २९ वटा माइलस्टोन पर्याप्त बजेट व्यवस्थापन हुन नसकेको वा स्रोत सुनिश्चितता नभएको कारणबाट प्रभावित भएको देखिएको छ।

२८. असोजको दोस्रो साता भएको अत्यधिक वर्षा र सोको कारण उत्पन्न बाढी पहिरो जस्ता प्राकृतिक विपद्का कारण २९ वटा माइलस्टोनले लक्ष्य प्राप्त गर्न नसकेको देखिएको छ।

२९. कर्मचारीको अभाव हुनु, नेतृत्व परिवर्तन हुनु जस्ता कारणबाट १८ वटा माइलस्टोनले लक्ष्य प्राप्त गर्न नसकेको देखिएको छ।

३०. कार्यान्वयन गर्ने निकायको प्रयासले मात्र सम्पादन हुन नसक्ने कार्यहरूमा अन्तरसम्बन्धित निकायहरूको सहयोग आवश्यक पर्दछ। राय सहमति प्राप्तिमा ढिलाइ, समन्वयको अभाव, EIA/IEE स्वीकृतिमा ढिलाइजस्ता अन्तर तह/ मन्त्रालय/ निकाय समन्वय र स्वीकृतिमा विलम्ब हुँदा १३ वटा माइलस्टोन प्रभावित भएका छन्।

३१. विवाद तथा प्रक्रियागत जटिलताका कारण ६ वटा, स्थान छनोट/जग्गा प्राप्ति नभएका कारण ४ वटा, कार्यक्रमको पुनःसंरचना/पुनः प्रक्रिया आरम्भ गर्नु परेका कारण ३ वटा, निर्माण सामग्रीको अभावका कारण २ वटा, कानुन तर्जुमा/संशोधन हुन नसकेको १ वटा माइलस्टोनले तोकिएको लक्ष्य प्राप्त गर्न नसकेको देखिएको छ।

३२. लक्ष्य प्राप्त गर्न नसक्नुको प्रष्ट कारण उल्लेख नगरिएका वा सम्बन्धित विषयमा प्रतिवेदन नै नगरिएकाले प्रारम्भ हुन नसकेका भनी वर्गीकरण भएका माइलस्टोनको संख्या १६३ रहेको छ।

सुझाव

३३. माथि उल्लिखित तथ्याङ्क एवम् विश्लेषण समेतबाट मन्त्रालय/निकायहरूले मुख्यतः निम्न विषयहरूमा ध्यान दिएमा कार्यसम्पादनलाई थप नतिजामुखी र परिणाममुखी बनाउन सक्ने देखिन्छः

- आर्थिक वर्षको प्रारम्भमा नै वार्षिक खरिद योजना बनाई लागु गर्ने, लागत अनुमान तयार गर्ने, बोलपत्रसम्बन्धी कागजात तयार गरी बोलपत्र आह्वान गर्ने, कार्यक्रम सञ्चालन कार्यविधि वा सञ्चालन ढाँचा तयार गर्ने, अध्ययन तथा अनुसन्धान जस्ता पूर्वतयारीका कार्यहरू समयमा नै सम्पन्न गर्नुपर्दछ। तोकिएको समयमा कार्य सम्पन्न हुन नसक्नाले पछाडि कार्यबोझ थपिने हुँदा त्यस्ता कार्यहरूलाई वैकल्पिक कार्ययोजना तयार गरी मूल कार्ययोजनामा असर नपर्ने गरी सम्पन्न गर्नुपर्दछ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले व्यवस्था गरेको राष्ट्रिय आयोजना बैंकको कार्यान्वयनलाई सुदृढ गर्नुपर्ने देखिएको छ। मन्त्रालय तथा निकायहरूले वार्षिक कार्यक्रमका रूपमा प्रस्ताव गर्ने कार्यक्रमहरूको स्वीकृतिको चरणमा नै स्रोत सुनिश्चितता गर्ने तथा स्रोत सुनिश्चितता/व्यवस्था नभएका तथा सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन, स्थान छनोट र जग्गा प्राप्ति जस्ता पूर्वतयारी सम्पन्न नभएका आयोजना तथा कार्यक्रमहरूमा बजेट विनियोजन गर्ने परिपाटीको अन्त्य गर्नुपर्दछ।
- बजेटमा घोषणा भएको विषयमा सम्बन्धित निकायले आवश्यक स्रोतको व्यवस्था गर्नु पर्दछ वा स्रोत सुनिश्चितता हुने गरी कार्य अगाडि बढाउने सहमति प्रदान गर्नुपर्दछ। कार्यान्वयनका लागि स्रोत उपलब्ध नहुने अवस्थाको अन्त्य गर्न स्रोतको पूर्व मूल्याङ्कन गरेर मात्र कार्यक्रम कार्यान्वयनमा लैजान उपयुक्त हुन्छ।
- स्रोत सुनिश्चितता र कम बजेटको समस्यालाई न्यून गर्न बजेट निर्माण गर्दा सर्वप्रथम अनिवार्य दायित्वको रकम भुक्तानी गर्न र विकास सहायताका कार्यक्रम तथा मुख्य प्रभाव पार्ने क्रमागत कार्यक्रमका लागि आवश्यक रकम छुट्याउनुपर्दछ। त्यसपछि मात्र नयाँ प्रस्ताव गरिएको प्राथमिकता प्राप्त आयोजना कार्यक्रममा रकम विनियोजन गर्नुपर्दछ। मध्यमकालीन खर्च संरचनाको प्रभावकारी कार्यान्वयन, बजेट अवण्डा राख्ने प्रवृत्तिमा नियमन, रकमान्तर, बजेट रोक्का तथा समर्पणजस्ता विषयहरूमा वित्तीय अनुशासन कायम गर्दै निरन्तर सुधार गर्नुपर्दछ।
- वर्षात् या महामारीको समयमासमेत आयोजना/कार्यक्रम स्थलमा नगई कार्यालयबाट सञ्चालन गर्न सकिने क्रियाकलापको आधारभूत विषयहरू आर्थिक वर्षको सुरुका महिनामै सम्पन्न गरी स्थलगत रूपमा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने समयमा कार्यचाप कम गर्दै कार्यान्वयन प्रभावकारिता अभिवृद्धि गर्नुपर्छ।

- आयोजनाको निश्चित लक्ष्य हासिल नहुँदासम्म आयोजना प्रमुखको सरुवा नगर्ने, खरिद/ निर्माण सम्बन्धी कानुनी व्यवस्थालाई व्यवहारिक बनाउने, छनोट भएका सबै आयोजनाको प्रभावकारी अनुगमन गर्ने र आयोजनाको कार्यान्वयनमा बाधा पुगेको देखिए तत्काल त्यसको सम्बोधन गर्ने गरिएमा आयोजना समयमै सम्पन्न गर्न सहयोग पुग्ने देखिन्छ।
- अन्तरतह/मन्त्रालय/निकायसँगको समन्वय प्रभावकारी नहुँदा १३ वटा माइलस्टोनले लक्ष्य प्राप्त गर्न नसकेको देखिन्छ। सम्बन्धित निकायबाट माग गरिएका राय सहमति आदि समयमै प्राप्त नहुनु, स्वीकृत/संशोधन हुनुपर्ने विषयहरू समयमै नहुनु, अन्य निकायबाट सहमति प्राप्त नहुने आदि कारणले समेत कार्यक्रमहरू प्रभावित भएको देखिएकोले प्रचलित ऐन/कानुनमा व्यवस्था भएका समन्वयकारी संयन्त्रलाई थप क्रियाशील गराउने र समन्वयको तहगत व्यवस्था गरी अन्तरतह एवं अन्तरनिकाय समन्वय प्रभावकारी बनाईनु पर्दछ।
- स्थान छनोट तथा जग्गा प्राप्तिमा देखिएका प्रक्रियागत ढिलाइका कारण समीक्षा अवधिमा ४ वटा माइलस्टोन प्रभावित भएका छन्। यस्तो समस्या विगतदेखि नै दोहोरिरहेको अवस्था छ। आयोजना छनोट गर्दा स्थानको समेत निक्यौंल नगरी आयोजना छनोट हुने गरेकोले विकास व्यवस्थापनको अत्यन्त कमजोर अवस्थालाई दर्शाउँछ।
- मन्त्रालयले समस्या समाधानका लागि गरेका प्रयासहरू एवम् मातहतका निकायहरूलाई दिएका निर्देशनहरूको जानकारी माथिल्लो तहबाट अनुगमन गर्ने निकायहरू (जस्तैः प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग आदि) लाई जानकारी दिनु उपयुक्त हुन्छ। यसबाट विषयवस्तुका सन्दर्भमा माथिल्लो निकायमा समेत जानकारी हुने तथा सो सम्बन्धमा एउटै बुझाइ रहने र संस्थागत अभिलेखसमेत रहन्छ।
- आयोजना/कार्यक्रम कार्यान्वयनमा देखिएका सम्बन्धित निकायबाट समाधान हुन नसक्ने समस्याहरूलाई यस कार्यालयको तत्काल समस्या समाधान तथा विपद् समन्वय शाखा एवम् सम्बन्धित विषयक्षेत्र हेर्ने महाशाखा/शाखामा जानकारी गराई समस्या समाधानको पहल गर्नुपर्दछ।
- सार्वजनिक व्यवस्थापन र सुशासनको क्षेत्रमा तत्काल सुधारको कार्ययोजना बनाई कार्यान्वयनमा लैजाने र वित्तीय व्यवस्थापनमा मौजुदा कानुनी व्यवस्थाको कडाइका साथ कार्यान्वयन गर्नुपर्दछ।
- कार्यजिम्मेवारी निर्धारण गर्दा कार्यसम्पादन एवम् नेतृत्व मूल्याङ्कन गरी नतिजामा आधारित कार्यसम्पादन प्रणालीलाई संस्थागत गर्नुपर्दछ।